(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# नेपालको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७

<u>लालमोहर र प्रकाशन मिति</u>
२०२७।१२।३०

<u>संशोधन गर्ने ऐन</u>

| | | |
|---|---|---|
| १. | न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ |
| २. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ३. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६← | २०६६।१०।७ |
| ५. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०२७ सालको ऐन नं. १५

2................

<u>नेपाल 2.......... को व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> नेपाल 2........... को अन्तर्राष्ट्रिय व्यापारलाई बढी सुदृढ आधार र सुविधा प्रदान गर्नलाई नेपाल 2........... को व्यापारिक पानी जहाजको झण्डाको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यस ऐनको नाम “नेपाल 2......... को व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७” रहेको छ ।

---

← यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) यो ऐन नेपाल 2.......... भर लागू हुनेछ र जहाँसुकै रहेको भए तापनि पानी जहाज दर्ता ऐन, २०२७ बमोजिम दर्ता गरिएका वा दर्ता गर्नु पर्ने कुनै पनि पानी जहाज र सो पानी जहाजका धनी, नाविक र कर्मचारीहरुलाई समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

"नेपाल पानी जहाज कार्यालय" भन्नाले पानी जहाज दर्ता ऐन, २०२७ अन्तर्गत स्थापित नेपाल पानी जहाज कार्यालयलाई सम्झनु पर्छ ।

३. <u>झण्डाको स्थापना:</u> (१) नेपाल 2........... को व्यापारिक पानी जहाजको झण्डा स्थापित गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको झण्डा अनुसूचीमा तोकिए बमोजिमको हुनेछ ।

४. <u>झण्डाको उद्देश्य र सुविधा:</u> नेपाल 2.......... को व्यापारिक पानी जहाजको झण्डा नेपाली पानी जहाजको राष्ट्रियताको चिन्ह हुनेछ र सो झण्डाले नेपाली पानी जहाजलाई विदेशी बन्दरगाह वा विदेशी क्षेत्रीय समुद्रमा रहँदा सन्धिद्वारा प्रदत्त सुविधा तथा शुल्कहरु र समुद्रमा रहँदा उचित सम्मानको अधिकार दिलाउनेछ ।

५. <u>झण्डा प्रयोग गर्न पाउनेको अधिकार र कर्तव्य:</u> (१) नेपाल पानी जहाज कार्यालयमा दर्ता भएको प्रत्येक नेपाली पानी जहाजको नेपाल 2.......... को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार र कर्तव्य हुनेछ ।

(२) त्यस्तो झण्डा पानी जहाजको पछिल्लो भाग (स्टर्न) मा रहेको ध्वजदण्ड (फ्लैग स्टाफ) वा पछिल्लो मस्तूल (आफ्टर मोष्टमाष्ट) मा फहराइनेछ ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) यो ऐन बमोजिम नेपाल 2.......... का व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्नु पर्ने कर्तव्य भएको नेपाली पानी जहाजले राष्ट्रियताको चिन्हको रूपमा प्रदत्त झण्डा बाहेक अरु कुनै झण्डा प्रयोग गर्न पाइने छैन ।

६. झण्डा प्रयोग गर्न पाउने पानी जहाजको कर्तव्यः नेपाल 2.......... को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने नेपाली पानी जहाजको देहायको कर्तव्य हुनेछः–

(क) सो झण्डा भक्ति र सम्मानपूर्वक प्रयोग गर्नु,

(ख) सो झण्डा अन्तर्राष्ट्रिय कानून बमोजिम आवश्यकतानुसार प्रयोग गर्नु, र

(ग) समुद्र, क्षेत्रीय समुद्र वा बन्दरगाहमा रहँदा अन्तर्राष्ट्रिय कानूनको पालना गर्नु ।

७. झण्डा प्रयोग गर्न पाउने अधिकारको प्रमाणपत्रः नेपाली पानी जहाजलाई नेपाल पानी जहाज कार्यालयले प्रदान गरेको पानी जहाज दर्ताको प्रमाणपत्र वा नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र नै सो पानी जहाजले नेपाल 2.......... को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने अधिकारको प्रमाणपत्र हुनेछ ।

८. झण्डा प्रयोग गर्न नपाउनेः (१) नेपाल पानी जहाज कार्यालयबाट पानी जहाज दर्ताको प्रमाणपत्र वा नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र नपाएको कुनै पानी जहाजले नेपाल 2.......... को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने छैन र नेपाल कानूनको सुरक्षाको सुविधा पाउने छैन ।

(२) विदेशी राष्ट्रमा दर्ता भएको वा गैर नेपाली पानी जहाजलाई नेपाल 2........ को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार दिइने छैन ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

९. दण्ड सजायः (१) दफा ५ को उपदफा (२) वा (३) वा दफा ६ को उल्लङ्घन गर्ने व्यक्ति वा संगठित संस्थालाई रु. २०००।– सम्म जरिबाना हुनेछ ।

(२) दफा ८ को उल्लङ्घन गर्ने व्यक्ति वा संगठित संस्थालाई रु. ८०,०००।– असी हजार रुपैयाँसम्म जरिबाना हुनेछ वा त्यस्तो पानी जहाज नै जफत हुन सक्नेछ वा त्यस्तो कसूर गर्ने जिम्मेवार व्यक्तिलाई ५ वर्षसम्म कैद हुन सक्नेछ ।

१०. मुद्दा हेर्नेः ◎(१) दफा ९ को उपदफा (१) बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल पानी जहाज कार्यालयको रजिष्ट्रार र सोही दफाको उपदफा (२) बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले तोकेको जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही र किनारा गर्दा रजिष्ट्रारले प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई प्राप्त सबै अधिकार प्रयोग गर्नेछ र सो अदालतको कार्यविधि अपनाउने छ ।

(३) रजिष्ट्रारले आवश्यक सम्झेमा आफैं वा अन्य अधिकृत खटाई नेपाल [2]………. बाहिर पनि आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम रजिष्ट्रारले गरेको निर्णय उपर चित्त नबुझ्नेले ३५ दिन भित्र ◎नेपाल सरकारले तोकेको जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

११. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ र सो नियमहरु नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू भएको मानिने छ ।

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः–
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

अनुसूची

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल 2......... को व्यापारिक पानी जहाजको झण्डा देहाय बमोजिमको हुनेछः–

(क) सामुद्रिक नीलो रङ्गको आयाताकार पृष्ठभूमि जसको लम्बाई चौडाईको डेढी हुनेछ र जसको देब्रेपट्टि माथिल्लो कुनामा राष्ट्रिय झण्डा र पूरा क्षेत्रको दाहिनेपट्टिको अर्ध भागको मध्यमा रातो लङ्गर अङ्कित भएको हुनेछ ।

(ख) राष्ट्रिय झण्डा व्यापारिक पानी जहाजको झण्डाको पूरै क्षेत्रको चौडाईको दुई तिहाई र लम्बाईको एक तिहाई भूमिमा अङ्कित हुनेछ ।

(ग) लङ्गर राष्ट्रिय झण्डाको पींधबाट खिचिएको काल्पनिक सरल रेखामाथि अवलम्बित हुनेछ ।

(घ) लङ्गरको उचाई अङ्कित राष्ट्रिय झण्डाको दुई त्रिकोणको बिन्दुहरुको बीचको फासलाको बराबर हुनेछ र त्यसको चौडाई सो फासलाको आधा हुनेछ ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।